जिल्ला प्रशासन कार्यालय
धादिङ

# २०८१ कार्तिक-पुष

सम्पादित मुख्य क्रियाकलाप विवरण

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## स्वत:प्रकाशन

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

मोहन प्रसाद न्यौपाने
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

# विषय सुचि

१. धादिङ जिल्लाको संक्षिप्त परिचय........ 3

२. जिल्ला प्रशासन कार्यालयको स्वरूप र प्रकृति........ 4

३. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार........ 4

४. कार्यालयमा रहेका स्वीकृत दरवन्दी संख्याः........ 5

५. कार्यालयका शाखा रहेको कोठा नं. हरु........ 6

६. जिल्ला प्रशासन कार्यालयबाट प्रदान हुने सेवाको दस्तुर र अवधि........ 8

७. निर्णय प्रक्रिया र अधिकार........ 9

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी........ 9

९. २०८१ कार्तिक देखी पौष मसान्तसम्म सम्पादन भएका कामको विवरण........ 9

१०.सूचना अधिकारी र कार्यालय प्रमुखको विवरण........ 12

११.ऐन, नियम, निर्देशिकाको सूची........ 12

१२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण........ 14

१३.अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण........ 16

१४. कार्यालयको सूचना प्राप्त गर्न सकिने माध्यमको ठेगाना........ 16

१५.कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरण........ 16

१६.कार्यालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरण........ 16

१७.कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः........ 36

१८.कार्यालयमा परेका सूचना मागसम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय........ 36

१९. कार्यालयका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण........ 36

मोहन प्रसाद न्यौपाने
सहायक प्रमुख जिल्ला अधिकारी

## १. धादिङ जिल्लाको संक्षिप्त परिचय

बागमती प्रदेशमा रहेको धादिङ जिल्ला उत्तर हिमालय पर्वत देखि दक्षिणको महाभारत पर्वतसम्म फैलिएको नेपालको एक मात्र जिल्लाको रुपमा परिचित छ। यस जिल्लालाई नेपाल सरकारको मिति २०७४/०५/२५ को निर्णय अनुसार हिमाली जिल्लामा बर्गिकरण गरिएको छ। यस जिल्लाको धरातलीय उचाई समुद्री सतहबाट २९२ मिटर (जोगिमारा) देखि ७११० मिटर (पाविल हिमाल) सम्म रहेको छ।

यस जिल्लामा बसोवास गर्ने मुख्य जातीहरुमा तामाङ, ब्राह्मण, क्षेत्री, नेवार, मगर, गुरुङरहेकाछन्। यसको साथै नेपाली, विश्वकर्मा, परियार, चेपाङ, राई, योगी/सन्यासी, गिरी, पुरी, माझी, कुमाल लगायतका जातजातीहरु बसोवास गर्दछन्। यस जिल्लामा बसोवास गर्ने अधिकांस मानिसहरुले बोल्ने भाषा नेपाली नै हो। यसको साथै तामाङ, मगर, नेवार, गुरुङ, चेपाङ भाषापनि बोलिन्छन्।

**जिल्लाको भौगोलिक अवस्थाः**

अक्षांसः- २७°४०'उत्तर देखि २८°१४'उत्तर

देशान्तरः- ८४°३५ 'पूर्व देखि ८०°१७'पूर्व

सिमानाः- उत्तर - चीन

दक्षिण - चीतवन र मकवानपुर

पुर्व - रसुवा, नुवाकोट र काठमाण्डौ

पश्चिम - गोरखा (गण्डकी प्रदेश)

क्षेत्रफलः- १९२४.९ वर्ग कि.मी.

**राजनैतिक विभाजनः**

सदरमुकामः- धादिङवेशी

प्रतिनिधी सभा निर्वाचन क्षेत्रः- २

प्रदेश निर्वाचन क्षेत्रः- ४

नगरपालिकाः- २

गाउँपालिकाः- ११

वडा संख्याः- १०४

**जनसंख्याको विवरण (२०७८):**

कुल जनसंख्याः- ३२५७१०

पुरुषः- १५९०४८

महिलाः- १६६६६२

कुल परिवार संख्याः- ८३६४२

औसत परिवार आकारः- ३.८९ जना

जनघनत्वः- १६९ प्रतिवर्ग किमि

जनसंख्या वृद्धिदरः- -०.३० प्रतिशत

**प्रमुख नदिनाला/खोलाः**

वुढिगण्डकी, त्रिशुली, आँखु खोला, थोपल खोला, महेश खोला आदी।

**प्रमुख धार्मिक तथा पर्यटकीय क्षेत्रः**

सिद्धलेक, ज्वालामुखी, गुप्तेश्वरी, गंगाजमुना झरना, त्रिपुरासुन्दरी मन्दिर, खर्केडाँडा, मण्डलीमाई, भैरवी मन्दिर, त्रिसुली नदी राफ्टीङ आदी।

**प्रमुख टार तथा वेशीहरुः**

सल्यानटार, विशालटार, मासटार, बन्छेटार, भल्टार आदी।

## २. जिल्ला प्रशासन कार्यालयको स्वरूप र प्रकृति

नेपालमा स्थानीय प्रशासनलाई विकेन्द्रित पद्धति अनुरुप सञ्चालन गर्दै शान्ति सुव्यवस्था कायम राख्ने कार्य प्रभावकारी रुपमा गर्न स्थानीय प्रशासन ऐन, २०२८ लागू गरियो। सोही ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरेअनुसार नेपाल सरकारको प्रतिनिधिको रुपमा प्रमुख जिल्ला अधिककारीको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, धादिङ सञ्चालनमा रहेको छ।जिल्ला स्तरमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको कार्य प्रणाली बीच कार्यात्मक समन्वय, सहकार्य तथा सहजिकरण गर्न क्रियाशील रहने यस कार्यालयको प्रमुख दायित्व रहेको छ। वि.सं. २०३२ सालअघि धादिङ (सुनौला बजार) मा रहेको जिल्ला सदरमुकाम हाल धादिङवेसी (निलकण्ठ नगरपालिका वडा नं. ३) मा रहेको छ।

## ३. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

- जिल्लामा शान्ति सुरक्षा तथा सुव्यवस्था सम्बन्धी कार्य,
- जिल्लास्थित कार्यालयको समन्वय एवम् अनुगमन, रेखदेख र नियन्त्रण गर्ने कार्य,
- नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने सम्वन्धी कार्य,
- राहदानी आवेदन संकलन तथा वितरण सम्वन्धी कार्य,
- नाबालक परिचयपत्र जारी गर्ने कार्य,
- हातहतियार इजाजत, नवीकरण तथा नामसारी सम्वन्धी कार्य,
- संघसंस्था, पत्रपत्रिका तथा छापाखानादर्ता सम्वन्धीकार्य,
- व्यहोरा प्रमाणित सम्वन्धी कार्य,
- बजार अनुगमन/नियमन सम्वन्धी कार्य,
- विपद् जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन, उद्धार तथा राहत र तथा द्वन्द्व व्यवस्थापन सम्बन्धी कार्य,

- सार्वजनिक सम्पतिको संरक्षण
- स्थानीय तहहरूसँग समन्वय,
- जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने कार्य गर्ने गराउने,
- जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरण,
- अर्ध न्यायिक निकायको हैसियतले आफ्नो अधिकार क्षेत्र भित्रको न्यायिक कार्यसम्पादन गर्ने कार्य,
- राष्ट्रिय परिचयपत्र सम्वन्धी कार्य,
- उचित वातावरण सृजना गरी जिल्लाका विकास आयोजनाहरु सञ्चालनमा आवश्यक सहयोग र समन्वयात्मक कार्य आदि।
- अन्य कुनै कार्यालयको कार्यक्षेत्रमा नपरेको नेपाल सरकारका कार्य,

## ४. कार्यालयमा रहेका स्वीकृत दरवन्दी संख्याः

| क्र.सं. | पद | श्रेणी | दरबन्दी संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | १ | १ | |
| २. | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्वितीय | १ | १ | |
| ३. | प्रशासकीय अधिकृत | रा.प.तृतीय | २ | १ | |
| ४. | नायब सुब्बा | रा.प.अनं.प्रथम | ७ | १ | ६ रिक्तमध्ये ५ लो.से.आ.मा माग भएको र १ जना गत आ.व.बाट सिफारीस भई आउने |
| ५. | लेखापाल | रा.प.अनं.प्रथम | १ | ० | गत आ.व.बाट सिफारीस भई आउने |
| ६. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | २ | २ | १ जना स्थायी र १ जना करार सेवाबाट |
| ७. | खरिदार | रा.प.अनं.द्वितीय | ४ | २ | |
| ८. | कार्यालय सहयोगी | श्रेणीविहीन | ७ | ७ | करार सेवा |
| ९. | हलुका सवारी चालक | श्रेणीविहीन | २ | २ | करार सेवा |
| | जम्मा | | २७ | १७ | |

### राष्ट्रिय परिचयपत्रतर्फ

| क्र.सं. | पद | दरबन्दी संख्या | पदपूर्ति |
|---|---|---|---|
| १. | विवरण दर्ता अपरेटर | २ | २ |
| २. | विवरण दर्ता सहयोगी | १ | १ |

| ३. | अस्थाई स्टेशन | १ | १ |
|---|---|---|---|

५. जिल्ला प्रशासन कार्यालय,धादिङमा कार्यरत कर्मचारीहरुको नामावली सहितको विवरण

| क्र.स. | कर्मचारीको नाम,थर | पद | शाखा | कोठा नं. |
|---|---|---|---|---|
| १ | सुमन घिमिरे | प्रमुख जिल्ला अधिकारी | | १० |
| २ | मोहन प्रसाद न्यौपाने | स.प्र.जि.अ. | | १ |
| ३ | राममणी मिश्र | प्रशासकीय अधिकृत | कारगार कार्यालय | |
| ४ | छत्र बहादुर अधिकारी | प्रशासकीय अधिकृत | प्रशासन/नागरिकता | २ |
| ५ | राकेश कुमार राउत | लेखापाल | आ.प्र.शाखा | १४ |
| ५ | सुबोध कुमार यादव | कम्प्युटर अपरेटर | नयाँ नागरिकता फाँट | ८ |
| ६ | विजन ढकाल | खरिदार | मुद्दा शाखा | १२ |
| ७ | रमेश पौडेल | खरिदार | प्रशासन/राहदानी शाखा | ५ |
| ८ | रमेश कुमार के.सी. | खरिदार | नागरिकता शाखा | ६ |
| ९ | विजय त्रिपाठी | वितरण दर्ता अपरेटर | राष्ट्रिय परिचय पत्र | ३ |
| १० | जानुका दुवाडी | वितरण दर्ता अपरेटर | राष्ट्रिय परिचय पत्र | ३ |
| ११ | श्रेयता सुवेदी | वितरण दर्ता अपरेटर | राष्ट्रिय परिचय पत्र | ३ |
| १२ | रञ्जिता प्याकुरेल | वितरणदर्ता सहयोगी | राष्ट्रिय परिचय पत्र | १७ |
| १३ | गंगा भन्डारी | सु.व्यवस्थापन.अ. | विपद व्यवस्थापन | |

| | | | | |
|---|---|---|---|---|
| | | | शाखा | |
| १४ | शर्मिला अर्याल | कम्प्युटर अपरेटर | प्रशासन | ६ |
| १५ | लक्ष्मी गिरी | कम्प्युटर अपरेटर | नागरिकत शाखा | ८ |
| १६ | धन कुमार श्रेष्ठ | ह.स.चा. | | |
| १७ | साने थापा मगर | ह.स.चा. | | |
| १८ | योग बहादुर भण्डारी | का.स. | प्रतिलिपि नागरिकता | ९ |
| १९ | मञ्जु श्रेष्ठ | का.स. | पि.ए.शाखा | १० |
| २० | गंगाराम नेपाल | का.स. | राहदानी शाखा | ५ |
| २१ | श्याम थापा मगर | का.स. | प्रतिलिपि नागरिकता | ९ |
| २३ | सिर्जना कोइराला | का.स. | दर्ता चलानी | १५ |
| २४ | रुक मिना थापा मगर | - | राष्ट्रिय परिचयपत्र | १७ |
| २५ | मैना श्रेष्ठ | - | हुलाक टिकट व्यवस्थापन | १५ |
| २६ | बलराम रिजाल | का.स. | - | - |
| २६ | महेन्द्र दराई | प्र.ब.ह. | पि.ए.शाखा | १० |
| २७ | कुल बहादुर भट्ट | प्र.स.ह. | पि.ए.शाखा | १० |
| २८ | सुमन सुवेदी | स.प्र.स.ह. | म्भ्इऋ | |
| २९ | लाल बहादुर के.सी. | प्र.ज. | म्भ्ऋइ | |

मोहन प्रसाद न्यौपाने
सहायक प्रमुख जिल्ला अधिकारी

## ६. जिल्ला प्रशासन कार्यालयबाट प्रदान हुने सेवाको दस्तुर र अवधि

| क्र.स. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर | लाग्ने अवधि |
|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली | रू. १०।- को टिकट | कागजात पुगेकै |
| २ | नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | रू. २०।- को टिकट | कागजात पुगेकै दिन |
| ३ | वैवाहिक अङ्गीकृत नागरिकताको प्रमाणपत्र | रू. १०।- को टिकट | कागजात पुगेकै दिन |
| ४ | राहदानी फाराम संकलन | रू. २,५०० (१० वर्ष उमेर भन्दा कम)<br>रू. ५,००० (साधारण)<br>रू. १०,००० (हराएमा वा कुनै कारणले बिग्रेमा) | |
| ५ | गुनासो र ठाडो उजुरी | रू. १०।- को टिकट | यथाशीघ्र |
| ६ | नाबालक परिचय पत्र | रू. १०।- को टिकट | कागजात पुगेकै |
| ७ | पेन्सनसम्बन्धी सिफारिस | रू. १०।- को टिकट | कागजात पुगेकै |
| ८ | अदिवासी जनजाती, दलित, खस आर्य सिफारिस | रू. १०।- को टिकट | कागजात पुगेकै दिन |
| ९ | संस्था दर्ता | रू. १,०००।- | कागजात पुगेकै |
| १० | संस्था नवीकरण | रू. ५००।- (म्याद गुज्रेमा तोकिए बमोजिमको जरिवाना) | कागजात पुगेकै दिन |
| ११ | संस्थाको विधान संशोधन | रू. १०।- को टिकट | कागजात पुगेकै |
| १२ | संस्थाको शाखा खोल्ने स्वीकृति | रू. १०।- को टिकट | कागजात पुगेकै |
| १३ | पत्रपत्रिका दर्ता | दैनिक रु १०००।- साप्ताहिक रु ५००।-<br>पाक्षिक रु ३००।- मासिक रु २००।- | कागजात पुगेकै दिन |
| १४ | छापाखाना दर्ता | रू. १,०००।- | कागजात पुगेकै |
| १५ | हातहतियार दर्ता | रू. १,०००।- | कागजात पुगेकै |
| १६ | हातहतियार इजाजतनविकरण दस्तुर | | |

| विवरण | इजाजत दस्तुर (रुपैयामा) | | नविकरण दस्तुर (रुपैयामा) | |
|---|---|---|---|---|
| | जिल्लाभर | नेपालभर | जिल्लाभर | नेपालभर |
| १. पिस्तोल, रिभल्वर वा मिनियचर राइफल | ५,०००।- | ६,०००।- | ३,०००।- | ४,०००।- |
| २. टोटावाल बन्दुक वा मिनियचर राइफल | ४,०००।- | ५,०००।- | २,०००।- | ३,०००।- |
| ३. भरुवा बन्दुक प्रत्येकको | ३,०००।- | ३,०००।- | १,५००।- | २,०००।- |
| ४. हावादारी बन्दुक प्रत्येकको | २,०००।- | २,५००।- | १,०००।- | १,५००। |

## ७. निर्णय प्रक्रिया र अधिकार

- यस कार्यालयबाट हुने प्रशासनिक निर्णयहरू प्रमुख जिल्ला अधिकारीबाट वा निजबाट अधिकार प्रत्यायोजन भएअनुसार सहायक प्रमुख जिल्ला अधिकारीबाट वा प्रशासकीय अधिकृतबाट हुने व्यवस्था रहेको छ।
- मुद्दा सुन्ने अधिकार प्रमुख जिल्ला अधिकारीमा निहित रहन्छ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- बुँदा नं. ७ मा उल्लेख भए अनुसारको प्रशासनिक निर्णय उपर उजुरी सुन्ने कार्य कानूनमातोकिएको भए सोही अनुसार र नतोकिएको भए प्रमुख जिल्ला अधिकारीद्वारा गरिन्छ।

## ९. २०८१ कार्तिक देखी पौष मसान्तसम्म सम्पादन भएका कामको विवरण

**क. प्रशासन शाखा**

| क्र.सं. | कार्यकोविवरण | यस त्रैमासिकमा |
|---|---|---|
| १ | संघ संस्थादर्ता | ९ |
| २ | संघ संस्था नवीकरण | ५७ |
| ३ | संघ संस्था शाखा विस्तार/सञ्चालन अनुमती | ० |
| ४ | संस्थाको विधान संसोधन | ० |
| ५ | नाबालकपरिचयपत्र | ११४ |
| ६ | उजुरी/गुनासो | ० |
| ७ | पत्रपत्रिकादर्ता | ० |
| ८ | छापाखानादर्ता | ० |
| ९ | भारतिय भू.पु.सैनिक पेन्सन (सिफारिस) | ४७ |
| १० | विवरण फरक परेको व्यहोरा प्रमाणित | १५१ |
| ११ | समावेशी प्रमाणित | ६३ |
| १२ | शैक्षिक प्रमाणपत्र सच्याउने सम्वन्धी निर्णय पर्चा | ३६ |
| १३ | नावालक परिचय पत्र प्रतिलिपी | ४ |

(श्रोतः प्रशासन शाखा)

**ख. नयाँ नागरिकता शाखा**

| क्र.सं. | कार्यकोविवरण | | यस त्रैमासिकमा |
|---|---|---|---|
| १ | नयाँ नागरिकता | महिला | १३६७ |
| | | पुरुष | १३१५ |
| | | जम्मा | २६८२ |
| २ | बैबाहिक अंगिकृत नया नागरिकता | | १ |
| ३ | गैर आवासीय नेपाली नागरिकता प्रमाणपत्र संख्या | | १५ |

(श्रोतः नागरिकता शाखा)

## ग. प्रतिलिपी नागरिकता शाखा

| क्र.सं. | कार्यकोविवरण | यस त्रैमासिकमा |
|---|---|---|
| १ | साधारण प्रतिलिपि | २३४० |
| २ | विवरण संसोधन गरी लिएको प्रतिलिपी | ४१३ |
| ३ | नागरिकता त्याग | ७ |

(श्रोतः प्रतिलिपी नागरिकता शाखा)

## घ. राहदानी शाखा

| क्र.सं. | कार्यको विवरण | | यस त्रैमासिकमा |
|---|---|---|---|
| १ | राहदानी फाराम संकलन | महिला | १०७२ |
| | | पुरुष | १६७१ |
| | | नाबालक | ५३ |
| | | जम्मा | २७९६ |
| २ | राहदानी वितरण | महिला | १०७४ |
| | | पुरुष | १५७३ |
| | | नाबालक | २७ |
| | | जम्मा | २६७४ |
| ३ | MRP राहदानी वितरण | | ० |

(श्रोतः राहदानी शाखा)

## ङ. मुद्दा शाखा

| क्र.स. | विवरण | अभद्र व्यवहार/जुवा | सवारी ज्यान | जम्मा |
|---|---|---|---|---|
| १ | गतआ.व. सम्मको अ.ल्या. मुद्दा | १२ | ७१ | ८३ |

| | | | | |
|---|---|---|---|---|
| | अघिल्लो त्रैमासिक सम्म दर्ता भएका मुद्दा | ५ | १ | ६ |
| | यसत्रैमासिकमा दर्ता भएको | २ | २ | ४ |
| | **जम्मा मुद्दा** | **१९** | **७४** | **९३** |
| २ | गत त्रैमासिकको अ.ल्या.मुद्दा फैसला | १ | ० | १ |
| | यस त्रैमासिकमा अल्या मुद्दा फैसाला | ३ | १ | ४ |
| | यस त्रैमासिकको चालु आ.व.मुद्दा फैसला | ७ | ० | ७ |
| | **जम्मा फैसला** | **१०** | **१** | **१२** |
| ३ | फछ्र्यौट हुन बाँकी मुद्दा | ९ | ७३ | ७१ |
| | अघिल्लो त्रैमासिकमा सवारी ज्यान क्षतिपुर्ती | ५ | | |
| ४ | सवारी ज्यान क्षतिपुर्ती नगदै/खातामा | ६ | | |

(श्रोतः मुद्दा शाखा)

## च. राष्ट्रिय परिचय पत्र शाखा

| सि.नं. | सम्पादन गरेको काम | | कामको परिणाम, पटक वा संख्या |
|---|---|---|---|
| | | | यस त्रैमासिकमा |
| १. | राष्ट्रिय परिचय पत्र विवरण संकलन | महिला | १७८८ |
| | | पुरुष | १७९८ |
| | | जम्मा | ३५८६ |
| २. | राष्ट्रिय परिचय पत्र वितरण | महिला | ५७६ |
| | | पुरुष | १००१ |
| | | जम्मा | १५७७ |

अन्य

| सि.नं. | सम्पादन गरेको काम | | कामको परिणाम, पटक वा संख्या |
|---|---|---|---|
| | | | यस त्रैमासिकसम्ममा |
| १. | सुरक्षित वैदेशिक रोजगार परामर्श केन्द्रबाट रोजगार परामर्श | महिला | ७६० |
| | | पुरुष | १४३२ |
| | | जम्मा | २१९२ |
| २. | जिल्ला विपद् व्यवस्थापन समितिको बैठक | | २ |
| ३. | सूचना अधिकारीहरूको नियमित बैठक | | १ |
| ४. | कार्यालय प्रमुखहरूको नियमित बैठक | | ३ |

| | | |
|---|---|---|
| ५. | जिल्ला सुरक्षा समितिको बैठक | ७ |
| ६. | कर्मचारी बैठक सञ्चालन | ३ |
| ७. | जिल्ला र ईलाका प्रहरी कार्यालय निरीक्षण | २ |
| ८. | बजार अनुगमन (फर्म संख्या) | २३ |
| ९. | विकास आयोजना निरीक्षण (पटक) | २ |
| १०. | सरकारी कार्यालय निरीक्षण | ४ |
| ११ | स्थानीय तहसँग समन्वय बैठक | ० |
| १२ | अन्य विविध बैठक | ५ |
| १३ | हेलिकप्टर उद्दार | १ |
| १४ | विपद पिडितहरुलाई राहत वितरण(रु हजारमा) | ११४५००० |

## १०. सूचना अधिकारी र कार्यालय प्रमुखको विवरण

**क) कार्यालय प्रमुखः**

**नाम, थरः** श्री सुमन घिमिरे

**पदः** प्रमुख जिल्ला अधिकारी

**मोवाइल नं.**: ९८५१२४७७७७

**ख) सूचना अधिकारीको,**

**नाम, थरः** श्री मोहन प्रसाद न्यौपाने

**पदः** सहायक प्रमुख जिल्ला अधिकारी

**मोवाइल नं.**: ९८५११९६१३१

## ११. ऐन, नियम, निर्देशिकाको सूची

- नेपालको संविधान
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६,
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२,
- आवश्यक सेवा सञ्चालन ऐन, २०१४,
- उपभोक्ता संरक्षण ऐन, २०७५,

- कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२,द द
- घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६,
- चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६,
- छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८, नियमावली, २०४९,
- जग्गा प्राप्ति ऐन, २०३४,
- जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८,
- ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३,
- नेपाल नागरिकता ऐन, २०६३, नियमावली, २०६३,
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधी निर्देशिका,२०६३,
- प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३,
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६,
- मुलुकी फौजदारी अपराध संहिता, २०७४,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४,
- फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४,
- राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३,
- राहदानी ऐन, २०७६,नियमावली, २०७७,
- लागू औषध (नियन्त्रण) ऐन, २०३३,
- वातावरण संरक्षण ऐन, २०७६,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, नियमावली, २०७६,
- विष्फोटक पदार्थ ऐन, २०१८,
- संक्रामक रोग ऐन, २०२०,
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९,
- संस्था दर्ता ऐन, २०३४,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४,नियमावली, २०६५,
- सूचनाको हक सम्बन्धी ऐन, २०६४,
- स्थानीय प्रशासन ऐन, २०२८,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- हातहतियार खरखजाना ऐन, २०१९, नियमावली, २०२८,
- उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७,
- गृह प्रशासन सुधार कार्ययोजना, २०७४, आदी।

## १२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### पूँजीगततर्फ कूल खर्चको विवरण (२०८१कार्तिक देखि पौष मसान्तसम्म)

(रु हजारमा)

| क्र.सं | खर्च/वित्ती | खर्च/वित्तीय शिर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | ३११२२ | मेशिनरी तथा औजार | ५९० | ५१८ |
| २ | ३११२३ | फर्निचर तथा फिक्चर्स | ४००, | २०२ |
| ३ | ३१५११ | भैपरी आउने पुँजीगत | २०० | - |
| ४ | ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ५०० | - |

(श्रोतः आर्थिक प्रशासन शाखा)

### चालु तर्फ कूल खर्चको विवरण (२०८१ श्रावणदेखि पौष मसान्तसम्म)

(रु हजारमा)

| खर्च/वित्तीय | खर्च/वित्तीय शिर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|
| २११११ | कर्मचारी पारिश्रमिक | ११८७७ | ३५३५ |
| २११३२ | महंगी | ४५६ | १०३ |
| २११३४ | कर्मचारी बैठक भत्ता | ३४ | - |
| २११२१ | पोशाक | १८० | - |
| २१२१२ | योगदानमा आधारित निवृतिभरण खर्च | १६८ | २४ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ९२ | २० |
| २२१११ | पानी तथा विजुली | ३८६ | - |
| २२११२ | सञ्चार महसुल | २०४ | ३० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ४०० | २५४ |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | ६०० | २५० |
| २११३१ | स्थानीय भत्ता | २४२ | ६० |
| २२२१४ | बीमा तथा नवीकरण | ५० | - |
| २२२२१ | मेसिनरी तथा औजार मर्मत सम्भार खर्च | १२० | - |
| २२३१४ | अन्य इन्धन | ५० | - |
| २२३१५ | पत्रपत्रिका छपाई सूचना प्रकाशन | ७५ | - |
| २२३११ | मसलन्द तथा कार्यालय सम्बन्धी खर्च | ७५० | २६४ |
| २२४१९ | अन्य सेवा शूल्क | ३१७६ | १६७६ |
| २२५२२ | कार्यक्रम खर्च | ६५० | ९५ |
| २२५२९ | विविध कार्यक्रम खर्च | १४० | ५० |

| | | | |
|---|---|---|---|
| २२६११ | अनुगमन मूल्याङ्कन खर्च | ५५२ | १९२ |
| २२६१२ | भ्रमण खर्च | १०० | १७.८ |
| २२७११ | विविध खर्च | ४७५ | २०७ |
| २११३९ | अन्य भत्ता | ३८ | ३६ |
| २२२९१ | अन्य सम्पतीको मर्मच सम्भार तथा सञ्चालन | ६० | ७ |
| २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च | ५० | - |
| २२३१३ | पुस्तक तथा सामाग्री खर्च | १० | - |
| २८९११ | भैपरी आउने चालु खर्च | ५० | - |

(श्रोतः आर्थिक प्रशासन शाखा)

**ख) व उ शी : राष्ट्रियपरिचयपत्र तथा पञ्जिकरण विभाग (३१४०१०११३)२०८१ श्रावण देखि पौष सम्म**

**(रु हजारमा)**

| क. | खर्च/वित्तीय | खर्च/वित्तीय शिर्षक | अन्तिम | खर्च |
|---|---|---|---|---|
| १ | २२२२१ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा | ५० | - |
| २ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २०० | १९ |
| ३ | २२४१९ | अन्य सेवा शुल्क | ११५७ | ५७४ |
| ४ | २२५२२ | कार्यक्रम खर्च | ६३ | ० |
| ५ | २२६११ | अनुगमन मुल्याङ्कन | ३० | - |
| ६ | २२७११ | विविध खर्च | ५० | २४ |
| ७ | २११३४ | बैठक भत्ता | १० | - |

(श्रोतः आर्थिक प्रशासन शाखा)

**शिर्षकगत राजश्व संकलन विवरण आ.व. २०८१/०८२ दोश्रो त्रैमासिक सम्म**

| सि नं. | राजश्व शिर्षक | जम्मा |
|---|---|---|
| १. | १४२२७ - राहदानी शुल्क | ३५६००६०० |
| २. | १४२२९- अन्य प्रशासनिक सेवा शुल्क | २५८२५० |
| ३ | १४३११- न्यायिक दण्ड जरिवाना जफत | ० |
| ४ | १४२२४- परीक्षा शुल्क | १५००० |
| ५ | १४२५७- हातहतियारको इजाजत दस्तुर | १५१००० |
| ६ | ११६९१- अन्य कर | ० |
| ७ | १४३१२- प्रशानिक दण्ड, जरिवाना र जफत | ० |
| ८ | १४२५१- कम्पनी रजिष्ट्रेशन शुल्क | ७५०० |

(श्रोतः आर्थिक प्रशासन शाखा)

... प्रसाद न्यौपाने
... अधिकारी

१३. अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण

कुनै आयोजना सञ्चालन नभएको।

१४. कार्यालयको सूचना प्राप्त गर्न सकिने माध्यमको ठेगाना

- **URL: daodhading.moha.gov.np**
- **Email: daodhading@moha.gov.np**
- नागरिकता प्रमाणपत्रको अभिलेख व्यवस्थापनको लागि **Email: daodhading123@gmail.com**
- **Facebook: https://www.facebook.com/dao.dhading** (जिल्ला प्रशासन कार्यालय धादिङ)

फोन नं.:- ०१०-५२०१३३, ५२०१२१

१५. कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरण

- केही नभएको।

१६. कार्यालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरण

क. **शान्ति सुरक्षा र अमनचयन**

- जिल्लामा शान्ति सुरक्षाको विश्वसनीय र भरपर्दो सुरक्षा व्यवस्था मिलाई नागरिकको शान्ति सुरक्षा र अमनचयनको व्यवस्था पूर्ण रुपमा मिलाइएको ।
- राजमार्गलाई निर्बाध रुपमा सञ्चालन हुने व्यवस्था मिलाइएको।
- गुण्डागर्दी, संगठित अपराध, जबरजस्ती असुली, महिला हिंसा लगायतका अपराधलाई नियन्त्रण गरिएको।
- अवैध हातहतियारको प्रयोग तथा ओसारपसार नियन्त्रण गरिएको।
- चाडपर्व सुरक्षा योजना - २०८१ बनाई सो को कार्यान्वयन गरिएको।
- बजार अनुगमन निरन्तर गरीएको रिएको।

ख. **सेवा प्रवाह**

- कार्यालय परिसरमा स्थापना गरिएको नागरिक सहायता कक्ष मार्फत सेवा उपलब्ध भईरहेको।
- कार्यालयको काम कारबाहीलाई पारदर्शी बनाउन कार्यालयको फेसबुक पेज, वेबसाइट, इमेल जस्ता विद्युतीय माध्यमहरूबाट कार्यालयको गतिविधिहरू नियमित अद्यावधिक गर्ने गरिएको।



प्रसाद न्यौपाने
...अधिकारी

- व्यक्तिगत सिफारिसहरूलाई कानून सम्मत बनाउन सम्बन्धित वडाको सिफारिस पश्चात मात्र सिफारिस प्रमाणित गर्ने गरिएको।
- जिल्लाका सरकारी कार्यालयहरुबाट हुने सेवा प्रवाहमा समन्सव,सहजिकरण नियमन भैरहेको र सुधार गर्नुपर्ने क्षेत्रमा रायसुझाव दिने गरीएको।

ग. कार्यालय व्यवस्थापन

- नियमित स्टाफ बैठक गरी गुनासोको सामूहिक समाधान गरिएको।
- कार्यालय परिसरमा सेवाग्राहीका लागि स्वच्छ र सफा खानेपानीको व्यवस्था मिलाइएको।
- सूचना बोर्ड व्यवस्थित गरिएको र सूचनाहरु टाँस गर्ने व्यवस्था मिलाइएको।
- सेवाग्राहीका लागि अपाङ्गमैत्री तथा महिला र पुरुषको लागि अलग-अलग शौचालयको व्यवस्था मिलाइएको।

घ. जग्गा प्रासि सम्बन्धी अधिग्रहण समितिको निर्णय

मिति २०८१।०९।१८ मा गल्छी गाउँपालिकाको च.नं. १७१८ मिति २०८०।११।१६ को पत्र साथ प्रारम्भिक कारवाही चलाउने अधिकारीले पेश गरेको प्रतिवेदन, नेपाल सरकार, मन्त्रिपरिषद को मिति २०८०/०८/२८ गतेको निर्णयानुसार नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २३० मिति २०८०/०९/०२ को पत्रबाट जग्गा प्राप्ती गर्न अनुमति प्राप्त भएकोले गल्छी गाउँपालिकाको प्रशासकीय भवनका लागि आवश्यक पर्ने थप जग्गा साविक बैरेनी गा.वि.स. वडा नं. ९/ङ कि.नं. ९०२ को क्षेत्रफल ०-२-०-०,ऐ.ऐ. कि.नं. ९०४ को क्षेत्रफल ०-१-३-३, ऐ.ऐ. कि.नं. १३१७ को क्षेत्रफल ०-२-०-० र कि.नं. १२३७ को क्षेत्रफल ०-५-१-० का जग्गाहरु जग्गा प्राप्ती ऐन, २०३४ अनुसार जग्गा प्रासि गर्ने प्रयोजनार्थ उक्त जग्गाको मुल्य निर्धारण गर्न जग्गा प्राप्ती ऐन, २०३४ को दफा १६ बमोजिमका आधार अनुरुप यथार्थ र बस्तुनिष्ठ मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्न मिति २०८१।०१।०९ गते मुआब्जा निर्धारण समितिले जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत श्री राममणी मिश्रको संयोजकत्वमा ५ सदस्यीय उपसमितिले मिति २०८१/०९/१६ मा दिएको प्रतिवेदन, चलनचल्तीको मुल्य, मालपोत कार्यालयको न्यूनतम मुल्य, लगायतका पक्षहरु हेरी विश्लेषण गर्दा उल्लिखित साविक बैरेनी गा.वि.स वडा नं. ९/ङ का कि.नं. ९०२, क्षेत्रफल ०-२-०-०, ऐ.ऐ. कि.नं. ९०४ क्षेत्रफल ०-१-३-३, ऐ.ऐ. कि.नं. १३१७ क्षेत्रफल ०-२-०-० र कि.नं. १२३७ क्षेत्रफल ०-५-१-० का जग्गाहरु प्रति आना रु. १३,००,०००।- ( अक्षरुपी तेह्र लाख मात्र) दर निर्धारण गर्ने निर्णय भएको ।

मिति २०८१।०९।०३ मा बेनिघाट रोराङ गाउँपालिकाको च.नं. ५०३ मिति २०८१।०६।०८ को प्राप्त पत्र साथ प्रारम्भिक कारवाही चलाउने अधिकारीले पेश गरेको प्रतिवेदन, नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०८१/०५/२० गतेको निर्णयानुसार

स्थानीय तहलाई जग्गा प्राप्ती गर्न स्वीकृति प्राप्त भएकोले बेनिघाट रोराङ गाउँपालिका वडा नं. ५ स्थित गौमती बाहुनटार स्मार्ट सिँचाइ आयोजना अन्तर्गत पानी ट्याङ्की निर्माणको लागि आवश्यक पर्ने जग्गा साविक बेनिघाट गा.वि.स. वडा नं. ८/क हालको बेनिघाट रोराङ गाउँपालिका वडा नं. ५ मा रहेको कि.नं. ७२९ को क्षेत्रफल १-४-०-० को जग्गा जग्गा प्राप्ती ऐन, २०३४ अनुसार जग्गा प्राप्ती गर्ने प्रयोजनार्थ उक्त जग्गाको मुल्य निर्धारण गर्न जग्गा प्राप्ती ऐन, २०३४ को दफा १६ बमोजिमका आधार अनुरुप यथार्थ र बस्तुनिष्ठ मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्न मिति २०८१।०८।१० गतेका जिल्ला दररेट निर्धारण समितिले जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री युवराज अर्यालको संयोजकत्वमा ४ सदस्यीय उप समिति गठन गरेकोमा उक्त उपसमितिले मिति २०८१/०८/२३ मा दिएको प्रतिवेदन, चलनचल्तीको मुल्य, मालपोत कार्यालयको न्यूनतम मुल्य, लगायतका पक्षहरु हेरी विश्लेषण गर्दा उल्लिखित बेनिघाट गा.वि.स. वडा नं. ८/क हालको बेनिघाट रोराङ गाउँपालिका वडा नं. ५ मा रहेको कि.नं. ७२९ को क्षेत्रफल १-४-०-० को जग्गा प्रति रोपनी रु. १८,४०,०००।- ( अक्षरुपी अठार लाख चालिस हजार मात्र) दररेट निर्धारण गर्ने निर्णय भएको ।

- आयोजनाहरूको मुआब्जा तथा क्षतिपूर्ति निर्धारण गर्ने कार्यलाई नियमित बनाइएको ।
- :MCC आयोजनाका लागि जग्गा प्राप्तिमा समन्वय

  विभिन्न जल विधुत आयोजना तथा सबस्टेसन निर्माण कालागि जग्गा प्राप्ति र स्थानीय विवाद समाधान गर्न समन्वय

  सडक निर्माण क्रममा सवारिआवागमन रोकि कार्य गर्न आयोजनाको अनुरोध सूचना प्रकासन गरिएको ।

**ङ. विपद व्यवस्थापन सम्बन्धी**

- २०८१/६/१०-१२ को भारी वर्षा र पहिरोका कारण पृथ्वी राजमार्गको कृष्ण भीरको पहिरो क्षेत्रमा सडक भासिन पुगेकोमा सडक विभाग र खानी तथा भूगर्भ विभागमा समन्वय गरी विज्ञ झिकाइ अध्ययन गरी सडकको सुरक्षा र सतर्कता कायम गर्न आवश्यक समन्वय गरिएको ।
- **ग्याँस बुलेट दुर्घटनामा प्रतिकार्यः**

  मिति २०८१।०८।२३ गते अं.०८:०० बजेको समयमा जिल्ला धादिङ्ग बेनिघाट रोराङ्ग गा.पा. ५ कृष्णभिर स्थित पृथ्वीलोकमार्गमा चितवनबाट काठमाण्डौ तर्फ जादै गरेको NL-02L-3907 नं.को भारतिय ग्यास बुलेट गाडि गति अनियन्त्रित भई सडकबाट अं. ५०_६० मिटर तल त्रिशुली नदिमा खस्न जाँदा,उक्त ग्यास बुलेटमा के-कति सवार छ भन्ने नखुलेको , उक्त स्थानमा स.प्र.बल नेपाल बिपद् व्यावस्थापन बेश आदमघाट र नेपाल प्रहरीको टोली खटिएको।ग्यांस बुलेट चालक **देश भारत बरुनी बस्ने बर्ष ४५/४६ को पंकज कुमार** भन्ने बुझिएको र तत्काल सम्पर्कमा नरहेको,



प्रसाद न्यौपाने
जिल्ला अधिकारी

प्र.जि.अ. बाट नेपाल आयल निगम र कम्पनीसँग समन्वय भए पश्चात श्रीराम ग्यांस उद्योग एक्लेफांट धादिङमा श्रीराम ग्याँस उद्योग काठमाण्डौबाट संचालक र ईन्जिनियर सहित ४ जना, नेपाल आयल निगम काठमाण्डौबाट कर्मचारी ३ जना सहित प्राविधिक टोली आएको । यन्त्रशाला चितवनका ईन्चार्ज र २ वटा रयाकर मेशीन सहित १४ जनाको टोली ल्याई ग्याँस उडाउन समन्वय गरी र संचार माध्धम मार्फत आवश्यकता सतर्कता अपनाउन र ग्यासँ चुहावट भएमा तुरुन्त १०० फोन नं. मा सम्पर्क गर्न जानकारी प्रेषित गरी ३ दिनमा ग्याँस सुरक्षित रुपमा झिकीएको।

- वर्ड फ्लु नियन्त्रण समितिको बैठक मिति २०८१/०७/२९ मा राखी आवश्यक सतर्कता अपनाउन पूर्व तयारीका कार्य गर्न व्यवस्था मिलाइएको ।

<u>राहत सहायता वितरण</u>

- जिल्लामा घटेका विभिन्न विपदका घटनाहरुमा यस कार्यालयबाट नियमित उद्धार कार्यको लागि समन्वय तथा सहजीकरण गरिएको। प्रचलित कानुन बमोजिम राहत वितरण भैरहेको तथा यस कार्यालयबाट चालु आ.व.को दोश्रो त्रैमासिकमा वितरण गरिएको आर्थिक सहायता र राहतको विवरण तपशिल बमोजिम रहेको छः

<u>तपशिलः-</u>

क. जिल्ला विपद् व्यवस्थापन कोषबाट राहत वितरण गरिएको विवरणः

| सि.नं. | नाम,थर | ठेगाना | ना.प्र.न. | घटनाको प्रकार | घटना घटकोमिति | राहत रकम | बुझेको मिति |
|---|---|---|---|---|---|---|---|
| १ | शेर बहादुर चेपाङ | बेनिघाट रोराङ२ | २६३०३९/६४६ | पहिरो | ६/११/२०८१ | १०००० | ७/२/२०८१ |
| २ | रविन श्रेष्ठ | बेनिघाट रोराङ ३ | २६-०१-७४-०९४५७ | पहिरो | ६/१२/२०८१ | १०००० | ७/२/२०८१ |
| ३ | सुजन चेपाङ | बेनिघाट रोराङ ४ | २६१/०५१७३ | पहिरो | ६/१३/२०८१ | १०००० | ७/५/२०८१ |
| ४ | भरत चेपाङ | बेनिघाट रोराङ ५ | २६१/०५१३३ | पहिरो | ६/१४/२०८१ | १०००० | ७/५/२०८१ |
| ५ | काजी चेपाङ | बेनिघाट रोराङ ६ | ११४३ | पहिरो | ६/१५/२०८१ | १०००० | ७/५/२०८१ |
| ६ | सोम | बेनिघाट | १०६२६ | पहिरो | ६/१६/२०८१ | १०००० | ७/५/२०८१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बहादुर चेपाङ | रोराङ ७ | | | | | |
| ७ | हरी बहाददुर चेपाङ | बेनिघाट रोराङ ८ | २६३०३९/९४४ | पहिरो | ६/१७/२०८१ | १०००० | ७/५/२०८१ |
| ८ | बुद्धि बहादुर स्याङ्तान | बेनिघाट रोराङ ९ | | पहिरो | ६/१८/२०८१ | १०००० | ७/५/२०८१ |
| ९ | कमल चेपाङ | बेनिघाट रोराङ ९ | | पहिरो | ६/१८/२०८१ | १०००० | ७/५/२०८१ |
| १० | पुर्ण बहादुर चेपाङ | बेनिघाट रोराङ ९ | | पहिरो | ६/१८/२०८१ | १०००० | ७/५/२०८१ |
| ११ | भरत गिरी | सिद्धलेक २ | | पहिरो | ६/१६/२०८१ | ५००० | ७/६/२०८१ |
| १२ | दिप नारायण श्रेष्ठ | निलकण्ठ ९ | | पहिरो | ६/११/२०८१ | १०००० | ७/७/२०८१ |
| १३ | तर्च माया तामाङ | नेत्रवतिडवजोङ ३ | | आगोलागी | ५/२९/२०८१ | ५००० | ७/८/२०८१ |
| | | | जम्मा | | | १,२०,००० | |

**ख. २०८१ असोज महिनामा परेको अविरल बर्षाको कारण मृत्यू भएका व्यक्तिहरु र निजका नजिकका हकदारलाई उपलब्ध गराइएको राहत रकमको विवरण**

| सि न | मृतकको नाम | बुवाको नाम | ठेगाना | | | उमेर | लिङ्ग | मृत्यू भएको मिति | वितरण भएको राहत रकम | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गा.पा. | वडा नं. | टोल /गाउँ | | | | नेपाल सरकार बाट प्रदान भएको | प्रदेश सरकार बाट प्रदान भएको |
| १ | सन्त कुमार चेपाङ | गम बहादुर चेपाङ | बेनीघाट रोराङ्ग | ६ | | २३ | पुरुष | २०८१।०६।१२ | २ लाख | १ लाख |
| २ | जनता चेपाङ | क्षेत्र बहादुर चेपाङ | बेनीघाट रोराङ्ग | ६ | | २६ | पुरुष | २०८१।०६।१२ | २ लाख | १ लाख |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सोनु राई | | थाक्रे | ६ | | ४१ | पुरुष | २०८१-०६-१२ | २ लाख | १ लाख |
| ४ | साइरा तामाङ | सलोन तामाङ | गजुरी | ८ | | ६ | महिला | २०८१-०६-११ | २ लाख | १ लाख |
| ५ | लिलामाया मम्वा | | ज्वालामुखी | २ | | २६ | महिला | २०८१।०६।१२ | २ लाख | १ लाख |

ग. यस कार्यलयको समन्वयमा संघ-संस्थाहरुका तर्फबाट सहयोग गरिएको राहतको विवरणः

| क्र.स. | मिति | स्थानिय तह | सहयोगी संघ-संस्था | सामाग्रीको विवरण | लाभग्राहिको संख्या |
|---|---|---|---|---|---|
| १) | २०८१-०९-०२ | बेनीघाट रोराङ्ग गा.पा. (सबै वाड) | फोकस नेपाल | ३०० थान न्यानो सामग्री ( | १२७ घरधुरी |
| २) | २०८१-०९-१३ | खनियाबासगा.पा. (वाड १ र २ झर्लाङ्ग क्षेत्र) | जिल्ला प्रशासन कार्यालय र नेपाल रेडक्रस जिल्ला शाखा, धादिङ | ४४ थान ब्लाङ्केट (मध्ये जिप्रकाबाट थान २०) | खनियाबास गा.पा. वाड १ र २ को ४४ घरधुरी |
| ३) | २०८१-०९-२३ | गजुरीगा.पा. वाड-३ | रोटरी क्लब, धादिङ | १५५ थान न्यानो सामग्री (जुत्ता,मोजा, टोपी र स्विटर) | १५५ जना कंकालिनी आधारभुत विद्यालयका विद्यार्थीहरु |
| ४) | २०८१-०९-२७ | बेनीघाट रोराङ्ग गा.पा. (२ नं. वाड) | लाइन्स क्लब अफ धादिङ भैरवि | ५२ थान न्यानो कपडा, स्टेस्नरी सामाग्री र ३ वटा पिउने पानीको जार सेट | ५२जना पञ्यकन्य आधारभुत विद्यालयका विद्यार्थीहरु |

घ.विगतको बाढि तथा पहिरोबाट क्षती भई स्थाई निजि आवास पुर्नस्थापनाका लागि वितरण गरीएको रकमको विवरणः

| स्थानिय तह | लाभग्राही संख्या | जम्मा पहिलो किस्ता वापत ( नेपाल सरकारबाट प्राप्त प्रति परिवार रु. ५००००/- का दरले) |
|---|---|---|
| नीलकण्ठ नगरपालिका | ८ | ४००००० |
| गङ्गाजमुना गाउँपालिका | १३ | ६५०००० |
| नेत्रावती डबजोङ गाउँपालिका | १ | ५०००० |
| | जम्मा | ११००००० |

ङ. मिति २०८१।०६।१० देखि १२ मा अबिरल बर्षाको कारणले बाढि तथा पहिरोबाट क्षतिका कारण अस्थायी आवास निर्माण प्रयोजनको लागि लाभग्राहि संख्या

| क्र. स. | स्थानिय तह | लाभग्राही संख्या | कैफियत |
|---|---|---|---|
| १ | बेनीघाट रोराङ्ग गाउँपालिका | ३६ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा राहत रकमका लागि पत्राचार भएको |
| २ | गजुरी गाउँपालिका | १६ | |
| ३ | खनियाबास गाउँपालिका | २१ | |
| ४ | नेत्रावती डबजोङ गाउँपालिका | ३ | |
| ५ | थाक्रे गाउँपालिका | १५ | |
| जम्मा | | ९१ | |

### ङ. सूचनाको हक

- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक सुनिश्चित गरिएको ।
- सूचनाको हक प्रवर्द्धन गर्न सबै कार्यालयहरूमा सूचना अधिकारी तोक्ने व्यवस्था मिलाइएको। गुनासो सम्वोधन
- सार्वजनिक सेवाका विभिन्न पक्षमा जनताबाट प्राप्त हुने गुनासोको सम्वोधन भैरहेको।
- सवै कार्ययालयको सूचना अधिकारीको विवरण जिल्ला प्रशासनको वेवसाईटमा समेत अद्यावधिक गरेको र सोको विवरण अनुसूचि १ मा रहेको छ।

### च. सार्वजनिक सुनुवाई सम्बन्धी विवरणः

धादिङ जिल्लाको हिमाली भूभागमा पर्ने रुविभ्याली गाउँपालिका, वडा नं३., सेर्तुङ (पालिकाको केन्द्र)मा मिति २०८१/०९/१ गते जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेको प्रमुख आतिथ्यतामा रहेको सहभागिता निम्नानुसार रहेको छः

- **सहभागिता:**

उक्त कार्यक्रममा गाउँपालिकाका अध्यक्ष श्री राम सिंह तामाङ तथा उपाध्यक्ष, जिल्ला प्रहरी कार्यालयका प्र.उ. दिपेन्द्र शाही,अनुसन्धान उपनिर्देशक श्री नरेन्द्र राज गिरी, सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्मका स.प्र .उ.ना.श्री लक्ष्मी थपलिया, विभिन्न राजनितिक दलका प्रतिनिधीहरु, विभिन्न सरकारी कार्यालय तथा गैर सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधीहरु, संचारकर्मी, शिक्षक तथा शिक्षिका, विभिन्न पेशामा आबद्ध व्यवसायी र स्थानीय भद्रभलादमीहरु समेतको उपस्थितीमा नागरिकका गुनासो सुनुवाई तथा अन्तरक्रिया भएको ।

**१) नागरिक सुनुवाई कार्यक्रम आयोजना मितिः -२०८१ मंसिर २९ गते**

**२) कार्यक्रम आयोजना स्थानः रुविभ्याली-गा.पा. कार्यालयको प्राङ्गण ।**

**३) सहजकर्ताको बिबरणः-श्री योगेन्द्र तामाङ**

**४) सहभागि संख्याःजना ९०-(पुरुषःजना ३५-, महिलाःजना४५-)**

**५) कार्यक्रममा प्रस्तुत भएका वा ब्यक्त गरिएका मुख्य धारणाः-**

- रुविभ्याली गा स्थित मा युवा युवती ३.पा.चुरोट तथा अन्य लागु औषध सेवन गरी बसेको पाइएकोले यसको नियन्त्रण ।
- गाउँघरमा लागु औषध, रक्सी खाने तास खेल्ने प्रवृत्ती बढेको कारण असुरक्षाको भान भएको छ।
- सामान अवैध रुपमा बाहिर जाने कार्य हुन सक्ने भएकाले विशेष निगरानी हुनु पर्ने ।
- बोराङमा तत्काल प्रहरी चौकि स्थापना हुनु पर्ने र सेर्तुङको चौकिको भवन बन्नु पर्ने ।
- प्रहरी जनशक्ति बढाउनु पर्ने ।
- पर्यटकको संख्या बढाउन पहल हुनु पर्ने ।
- जलविद्युत आयोजनाबाट हुन सक्ने वातावरणीय जोखिम न्यूनीकरणका उपायमा ध्यान दिनुपर्ने । यसको सामाजिक उत्तरदायित्वको पालना हुनु पर्ने । जग्गा अधिग्रहणका केही विषय समाधान हुनु पर्ने ।
- श्री पाउचको रक्सी रोक्नु पर्ने माग ।
- श्रमिकले ज्याला नपाएको गुनासो पालिकाबाट सम्बोधन हुनु पर्ने ।
- जनप्रतिनिधिले पनि सार्वजनिक सुनुवाइ गर्नुपर्ने ।
- कुनै कुनै विद्यालयको विद्यार्थी कक्षाबाट निस्केर वन तिर गइ चुरोट तान्छ ।
- सडक विस्तार भएकाले सुरक्षित सवारी यातायात र आवावगमनको भरपर्दो व्यवस्थापन हुनुपर्ने ।
- सवारी भाडा दर तोक्न आवश्यक ।

- विकट स्थान भएकाले राष्ट्रिय परिचयपत्रको लागि ३ वडामा टोली खटाउन पर्यो ।
- सामाजिक विकासका लागि नागरिक पनि सचेत भइ कार्य गर्नु पर्ने ।
- धादिङवेशी सांकोस तिप्लिंग हुँदै केरुङ जाने सडक मार्ग सर्वयाम सुचारु हुनु पर्ने ।
- गाउँघरमा शान्ती सुरक्षाको लागी प्रहरी गस्ती गरिनुपर्ने र विगतमा भएका अपराधिक कार्यमा कारवाही हुनु पर्ने ।
- गाउँ कार्यपालिकाको नवनिर्मित भवनको उपयोग हुनु पर्ने ।
- यस क्षेत्रमा बढदो सवारी यातायात, जलविद्युत लगायतका कार्य, सामाजिक अवस्था, छिमेकी जिल्ला(नुवाकोट र रसुवा) सँगको बढदो आवागमन दर तथा आपराधिक कार्यलाई नियन्त्रणमा प्रभावकारिता ल्याउन प्रहरी चौकीलाई स्तरोन्नति र सीमा सुरक्षाकालागि सशस्त्र प्रहरी बल नेपालको इकाइ व्यवस्था गर्नुपर्ने आदि ।

<u>संलग्न:</u>

- तस्वीरहरु





मोहन प्रसाद न्योपाने
प्रमुख जिल्ला अधिकारी



छ. लागू औषध सम्बन्धी विवरणः-

| आ.व. | मुद्दा संख्या | पक्राउ संख्या | बरामद परिमाण(के.जि.) | | | |
|---|---|---|---|---|---|---|
| | | | गाँजा | चरेश | अफिम | अन्य |
| ०८०/०८१ | २६ | ४० | ६७८.६९९ | १४.३५ | - | २३५ एम्पु डाइजेपास, १३० नाइट्रोभेट, ३०० Tapentadol |
| ०८१/०८२ (मंसिर सम्म) | ८ | १६ | १२१.३०० | | | २१ क्याम्सुल Nitra vet र ५६५ ट्रामाडोल |
| घटेको प्रतिशत% | ३२% | ४४% | | | | |

ज. बजार अनुगमनः

यस कार्यालयमा दर्ता हुन आएका उपभोक्ता हित विपरितका कार्यहरु उजुरी एवम् गुनासोहरुका सम्बन्धमा यस कार्यालयबाट चालु आ.व.को दोश्रो त्रैमासिकमा फछ्यौट भएका उजुरीहरुको तपशिल बमोजिम रहेको छ।

२०८१/०७/१२ गते जिल्ला बजार अनुगमन टोलीद्वारा धादिङ जिल्लाको पृथ्वि राजमार्ग क्षेत्र सञ्चालित सवारी साधन, सञ्चालित होटल,खाजा घर,खाद्यान्न/किराना पसल/सप्लायर्सहरुकोमा गरीएको अनुगमनको संक्षिप्त विवरण

अनुगमनमा संलग्न निकायहरुः

- जिल्ला प्रशासन कार्यालय

- उद्योग तथा वाणिज्य कार्यालय
- खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय,नुवाकोट
- नेपाल पत्रकार महासंघ धादिङको प्रतिनिधी
- उपभोक्ता हित संरक्षण सस्थाको प्रतिनिधी

**२०८१/०७/१२ मा भएको अनुगमनको संक्षिप्त विवरणः**

- जम्मा अनुगमल गरिएको फर्म संख्या-६
- जरिवाना गरिएको फर्म संख्या -५
- जरिवाना गरीएको रकम - रु ५५०००।-
- जफत तथा नष्ट गरीएको - करिब रु २००० बराबरको म्याद नाघेका/लेबल उल्लेख नगरीएको/सडेगलेका सामाग्रीहरु जफत गरी नष्ट गरिएको।

| | फर्मको नाम | कैफियत | जरिवाना गरिएको रकम | म्याद गुज्रेका सामाग्रीहरु/ कारबाही |
|---|---|---|---|---|
| | बा ५ ख २१५ महासागर यातायात,गल्छी धादिङ | - तोकिएको भन्दा बढी भाडा असुल गरेको | - उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ३९ को उपदफा १ (क) बमोजिम रु ५,०००।– जरिवाना गरेको | |
| | बागमती प्रदेश-०१-००६ख २९७४ मयुर यातायत गजुरी, धादिङ | - तोकिएको भन्दा बढी भाडा असुल गरेको | -उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ३९ को उपदफा १ (क) बमोजिम रु ५,०००।– जरिवाना गरेको | |

| | | | | |
|---|---|---|---|---|
| | खाना खजाना, धुनिवेशी नगरपालिका – ६,धुनिवेशी | - अनुगमनको शिलशिलामा यस अगाडी दिएको निर्देशन पालना नभएको<br>-कोल्ड स्टोर दर्ता नगरी संचालन गरेको | - प्रादेशिक व्यापार तथा व्यवसाय ऐन २०७६ को दफा ६१ को उपदफा ६० को (ख) बमोजिम रु १५,०००।– जरिवाना गरेको | |
| | रोशनी एण्ड रोहन खाजा घर, धुनिवेशी नगरपालिका – ६,धुनिवेशी | - लेबल नभएको सामाग्री विक्री गरेको<br>-खरिद विल नभएको | - प्रादेशिक व्यापार तथा व्यवसाय ऐन २०७६ को दफा ६१ को उपदफा ६० को (ख) बमोजिम रु ५,०००।– जरिवाना गरेको | -लेबल नभएको फ्रोजन म.म ५ प्याकेट रु २००० ।– बराबरको जफत गरि नष्ट गरेको |
| | सुमिना एण्ड सुप्रिम कोल्ड स्टोर, धुनिवेशी न.पा-६ धादिङ | - | - | - |
| | न्यू विश्वास होटल,धुनिवेशी न.पा-६ धादिङ | होटल सरसफाइ - नभएको<br>अनुगमनको - शिलशिलामा यस अगाडी शन पालना दिएको निर्दे नभएको<br>किचन व्यवस्थित - | - प्रादेशिक व्यापार तथा व्यवसाय ऐन २०७६ को दफा ६१ को उपदफा १ को (ङ) बमोजिम रु २५,०००।– जरिवाना गरेको - | - |

| | | | | |
|---|---|---|---|---|
| | | नभएको | | |

२०८१/०७/२३ मा भएको अनुगमनको संक्षिप्त विवरणः

- जम्मा अनुगमल गरिएको फर्म संख्या-८
- जरिवाना गरिएको फर्म संख्या -६
- जरिवाना गरीएको रकम - रु १,२५,०००।-
- जफत तथा नष्ट गरीएको - करिब रु २७६४ बराबरको म्याद नाघेका/लेबल उल्लेख नगरीएको/सडेगलेका सामाग्रीहरु जफत गरी नष्ट गरिएको।

| | फर्मको नाम | कैफियत | जरिवाना गरिएको रकम | म्याद गुज्रेका सामाग्रीहरु/ कारबाही |
|---|---|---|---|---|
| | न्यु काष्ठमाण्डप होटल, थाक्रे गा.पा-२, कोइराले डाँडा | -किचन व्यवस्थापन नभएको<br>-सरसफाइ नभएको<br>- अनुगमनको शिलशिलामा यस अगाडी दिएको निर्देशन पालना नभएको | - प्रादेशिक व्यापार तथा व्यवसाय ऐन २०७६ को दफा ६१ को उपदफा १ को (ङ) बमोजिम रु २५,०००।– जरिवाना गरेको | |
| | सल्यान्टार पोलिक्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर,त्रिपुरासुन्दरी गा.पा–१,सल्यान्टार कोषढुङ्गा | - स्विकृत नलिइ पोलिक्लिनक संचालन गरेको<br>-फार्मेसी ल्याब एक्स रे इ सि जि दक्ष प्राविधिक कर्मचारी विना नै संचालन गरेको | - प्रादेशिक व्यापार तथा व्यवसाय ऐन २०७६ को दफा ६१ को उपदफा १ को (ङ) बमोजिम रु ५०,०००।– जरिवाना गरेको | -कर्षमिभलबार्ष तबद ष्ज(ज्ञण्फन,घट तबद रु २७६४ बराबरको जफत गरि नष्ट गरेको |

| | | | | |
|---|---|---|---|---|
| | | -फोहोर मैला व्यवस्थापन नभएको लगाएको मापदण्ड पुरा नभएकोले फार्मेसी सिल गरिएको | | |
| | आँधिखोला होटल, धुनिवेशी नगरपालिका – ६,धुनिवेशी | - अनुगमनको शिलशिलामा यस अगाडी दिएको निर्देशन पालना नभएको<br>-कोल्ड स्टोर दर्ता नगरी संचालन गरेको<br>-फोहोर मैला व्यवस्थापन नभएको | - प्रादेशिक व्यापार तथा व्यवसाय ऐन २०७६ को दफा ६१ को उपदफा ६० को (ङ) बमोजिम रु २५,०००।– जरिवाना गरेको | |
| | व्यवसाय दर्ता नभएको, कफि सप, धुनिवेशी नगरपालिका – ९,धुनिवेशी | - कुनै पनि निकायमा व्यवसाय दर्ता नभएको<br>-७ दिन भित्र व्यवसाय दर्ता गरेर मात्र संचालन गर्नुपर्ने | - | - |
| | मंगोलियन फाष्ट फुड, धुनिवेशी | -खरिद विक्री विल नभएको | -प्रादेशिक व्यापार तथा व्यवसाय ऐन २०७६ | - |

| | | | | |
|---|---|---|---|---|
| | न.पा-९सिक्रेखोला, धादिङ | -होटल सरसफाइ नभएको<br>-खानेकुरा छोपेर नराखेको | को दफा ६१ को उपदफा ६० को (ख) बमोजिम रु १५,०००।– जरिवाना गरेको | |
| | के.वि होटल, धुनिवेशी न.पा-९९सिक्रेखोला, धादिङ | -होटल सरसफाइ नभएको<br>- कोल्ड स्टोर दर्ता विना नै संचालन गरेको हुनाले ७ दिन भित्र व्यवसाय दर्ता गरेर मात्र संचालन गर्नुपर्ने<br>-किचन व्यवस्थित नभएको | - प्रादेशिक व्यापार तथा व्यवसाय ऐन २०७६ को दफा ६१ को उपदफा १ को (ख) बमोजिम रु ५,०००।– जरिवाना गरेको | - |
| | हाइवे किङ्स फाष्ट फूड एण्ड रेष्टुरेन्ट, धुनिवेशी न.पा-९,धादिङ | -व्यवसाय नविकरण नभएको<br>-किचन सरसफाइ नभएको | - प्रादेशिक व्यापार तथा व्यवसाय ऐन २०७६ को दफा ६१ को उपदफा १ को (ख) बमोजिम रु ५,०००।– जरिवाना गरेको | - |
| | हिमालयन क्रोमा कफि, धुनिवेशी नगरपालिका वडा नं ९,सिक्रेखोला धादिङ | - | - | - |

२०८१ कार्तिक - अनुगमनको संक्षिप्त विवरणः

- जम्मा अनुगमल गरिएको फर्म संख्या-३
- जरिवाना गरिएको फर्म संख्या -१
- जरिवाना गरीएको रकम - रु १०,०००।-
- जफत तथा नष्ट गरीएको - करिब रु १०५० बराबरको म्याद नाघेका/लेबल उल्लेख नगरीएको/सडेगलेका सामाग्रीहरु जफत गरी नष्ट गरिएको।

| | फर्मको नाम | कैफियत | जरिवाना गरिएको रकम | म्याद गुज्रेका सामाग्रीहरु/ कारबाही |
|---|---|---|---|---|
| | हुकाल डाँडा खाजा घर, थाक्रे गा.पा वडा नं २ धादिङ | -तोकिएको मुल्य भन्दा बढीमा सामान विक्री गरेको<br>-किचन व्यवस्थापन नभएको<br>-मूल्य सूचि नभएको | - | - |
| | तिमल्सिना ट्रेडर्स,सिद्धलेक गा.पा– १,धादिङ | - | - | - |

२०८१ मंसिर- अनुगमनको संक्षिप्त विवरणः

- जम्मा अनुगमल गरिएको फर्म संख्या-६
- जरिवाना गरिएको फर्म संख्या -५
- जरिवाना गरीएको रकम - रु २५०००।-

जफत तथा नष्ट गरीएको - करिब रु ३४३५।- बराबरको म्याद नाघेका/लेबल उल्लेख नगरीएको/सडेगलेका सामाग्रीहरु जफत गरी नष्ट गरिएको।

| क्र. सं | फर्मको नाम | कैफियत | जरिवाना गरिएको रकम | म्याद गुज्रेका सामाग्रीहरु / कारबाही |
|---|---|---|---|---|
| १. | सिद्धवावा सप्लायर्स, सिद्धलेक गा.पा-१, धादिङ | -उद्देश्य विपरित कारोबार गरेको<br>-खरिद विल नभएको | - प्रादेशिक व्यापार तथा व्यवसाय ऐन २०७६ को दफा ६१ को उपदफा ३९ को (ङ) बमोजिम रु ५,०००।– जरिवाना गरेको | -हेप्पिडेन्ट चुइगम १ बट्टा<br>-मिन्टो चकलेट १ बट्टा<br>-डवलडुप चकलेट १ वट्टा<br>-वटर चकलेट १ बट्टा रु १८३५ बराबरको जफत गरि नष्ट गरेको |
| २. | सुवास इन्टरप्राइजेज, सिद्धलेक गा.पा-१, धादिङ | - | - | -मिक्स मसला १ प्याकेट रु १००।- बराबरको जफत गरि नष्ट गरेको |

| | | | | |
|---|---|---|---|---|
| ३ | वारिपारि इन्टरप्राइजेज, सिद्धलेक गा.पा-१, धादिङ | -नापतौल प्रमाणित नभएको -तोकिएको उद्देश्य बमोजिम कारोबार नगरेको | - प्रादेशिक व्यापार तथा व्यवसाय ऐन २०७६ को दफा ६१ को उपदफा ३९ को (ङ) बमोजिम रु ५,०००।– जरिवाना गरेको | |
| ४ | न्यु आँधिखोला होटल,धुनिवेशी न.पा–६,चालिसे धादिङ | - यस भन्दा अगाडी दिएको निर्देशन पालन नभएको -किचन सरसफाइ नभएको | - प्रादेशिक व्यापार तथा व्यवसाय ऐन २०७६ को दफा ६१ को उपदफा ३९ को (ङ) बमोजिम रु १५,०००।– जरिवाना गरेको | -लेवल नभएको फ्रोजन म.म ५ प्याकेट रु १५००।- बराबरको जफत गरि नष्ट गरिएको |

२०८१ पुष - अनुगमनको संक्षिप्त विवरणः

- जम्मा अनुगमल गरिएको फर्म संख्या-५
- जरिवाना गरिएको फर्म संख्या -१
- जरिवाना गरीएको रकम - रु २५०००।-

जफत तथा नष्ट गरीएको - करिब रु १२,२००।- बराबरको म्याद नाघेका/लेबल उल्लेख नगरीएको/सडेगलेका सामाग्रीहरु जफत गरी नष्ट गरिएको।

| | फर्मको नाम | कैफियत | जरिवाना गरिएको रकम | म्याद गुज्रेका सामाग्रीहरु/ कारवाही |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | हङ्ग्री वर्ड होटल, बेनिघाट रोराङ गा.पा–३,मलेखु धादिङ | - यस अघि दिएको निर्देशन पालन नभएको -किचन सरसफाइ नभएको -व्यवसाय दर्ता प्रमाणपत्र सक्कल नभएको | - | - |
| | मुक्तिनाथ होटल, बेनिघाट रोराङ गा.पा–३,मलेखु धादिङ | -होटल सरसफाइमा ध्यान नपुगेको -तोकिएको उद्देश्य वाहेक अन्य कारोबार गरेको | - | - |
| | होटल तिनभाई, बेनिघाट रोराङ गा.पा–३,मलेखु धादिङ | -एक्सपायर जोनको व्यवस्था नभएको -खरिद विक्री विल प्रयोग नभएको | - | -तयारी प्याकिङ म.म लेबल नभएको-१२ प्याकेट रु ४५००। –बराबरको जफत गरि नष्ट गरेको |
| | भैरविनाथ भोजनालय,बेनि घाट रोराङ | -होटल सरसफाइमा ध्यान नपुगेको -एक्सपायर जोनको छुट्टै | - प्रादेशिक व्यापार तथा व्यवसाय ऐन | -चाउमिन १२ प्याकेट रु |

| | | | | |
|---|---|---|---|---|
| | गा.पा–३,मलेखु धादिङ | व्यवस्था नभएको<br>-खरिद बिक्री विल नभएको<br>-मूल्य सूचि नभएको | २०७६ को दफा ६१ को उपदफा ३९ को (ङ) बमोजिम रु २५,०००।– जरिवाना गरेको | १२००। – बराबरको<br>- तयारी प्याकिङ म.म ४ प्याकेट रु १४००। – बराबरको<br>-मासु खसीको ५ के.जी रु ५१००। – बराबरको जफत गरि नष्ट गरेको |
| | होटल हाइवे ठछ,बेनिघाट रोराङ गा.पा–३,मलेखु | (होटल सरसफाइमा ध्यान नपुगेको | - | - |

**झ. उल्लेखनीय कार्यः राष्ट्रिय परीचयपत्र कार्ड वितरण गर्न Whatsapps बाट सेवाः**

विगतमा परिचयपत्र नम्बर लिएका सेवाग्राहिको कार्ड सहज रुपमा वितरण गर्न Whatsapps बाट सोधपुछ गरी जानकारी लिई कार्ड लिन कार्यालय आउन सहज व्यवस्थाका लागि देहायको व्यवस्था मिलाईएकोः

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

धादिङ

**राष्ट्रिय परिचयपत्रको कार्ड लिन आउने सम्बन्धी जरुरी सूचना**

मिति :- २०८१/०८/२५

यस कार्यालयबाट २०७७ श्रावणदेखि राष्ट्रिय परिचयपत्रको फाराम भर्ने कार्य सञ्चालन हुँदै आएकोमा निम्न बमोजिमका कार्ड प्राप्त भएको हुँदा व्यक्ति स्वंयले यस कार्यालयको मोबाइल नं. ९७६७६६०९३३ को WhatsApp मा परिचयपत्रको अन्तिम भर्पाई फाराम पठाई यकिन गरेर मात्र आफ्नो राष्ट्रिय परिचयपत्र कार्ड बुझ्न सम्बन्धित व्यक्ति स्वयम् कार्यालयमा उपस्थित हुनु हुन सम्बन्धित सबैलाई सूचित गरिन्छः-

निम्नः-

क) एस.एम.एस.(SMS) का आधारमा कार्डको जानकारीः-

- कार्ड यस कार्यालयमा प्राप्त भएका व्यक्तिहरुको मोबाइलमा विभाग- DONIDCR बाट "Your NID card has been received at DAO Dhading" भन्ने एस.एम.एस.(SMS) गएको हुँदा राष्ट्रिय परिचयपत्र लिन उल्लिखित Message र राष्ट्रिय परिचयपत्रको फाराम (Confirmation Page) लिएर सम्बन्धित व्यक्ति आँफै यस कार्यालयमा उपस्थित हुनु हुन अनुरोध छ ।

ख) मोबाइल नम्बरबाट कार्डको जानकारीः-

- विविध कारणवश सेवाग्राहीको मोबाइलमा उल्लिखित Message नआएमा यस कार्यालयको मोबाइल नं. ९७६७६६०९३३ मा WhatsApp गरी परिचयपत्रको अन्तिम भर्पाई कागज (Confirmation Page) को फोटो खिचि पठाउनु हुन र परिचयपत्र कार्ड प्राप्त भएको निश्चित गरेर मात्र कार्ड लिन आउनु हुन अनुरोध छ । कार्ड यस कार्यालयमा प्राप्त भएको वा नभएको जानकारी सोही WhatsApp मा २ घण्टा भित्र Message (सन्देश) बाट मात्र र कार्यालय समय बिहान १०:०० बजे देखि दिउँसो ४:०० बजे सम्म जानकारी पठाइनेछ ।

ग) देहायका कार्डहरु नआएको:-

- राष्ट्रिय परिचयपत्र विवरण संकलनका लागि विभागको टोलीले मिति २०७९ कार्त्तिक देखि २०८० श्रावण सम्म सम्बन्धित वडा कार्यालयमा फोटो खिची दर्ता भएका परिचयपत्रको कार्ड विभागबाट हाल यस कार्यालयमा प्राप्त नभएको व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नोटः- कार्ड बुझ्न व्यक्तिको ल्याप्चे छाप कम्प्युटर मै पुनः राखे पछि मात्र कार्ड दिन मिल्ने भएकाले सम्बन्धित व्यक्ति कार्यालयमा उपस्थित हुन अनिवार्य रहेको अनुरोध छ ।

२०८१।८।२५

**सुमन घिमिरे**
प्रमुख जिल्ला अधिकारी

## १७. कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः

**वर्गीकरण नभएको ।**

## १८. कार्यालयमा परेका सूचना मागसम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय

१. यस दोश्रो त्रैमासिकमा कुनैपनि सुचना लिखित रुपमा माग नगरिएको ।

## १९. कार्यालयका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण

जिल्ला प्रशासन कार्यालय, धादिङको वेबसाइट र फेसवुक पेजमा।

अनुसूचि-१

धादिङ जिल्लाका सरकारी कार्यालयका सूचना अधिकारीको विवरण

| क्र स | कार्यालयको नाम | सू.अ.को नाम | पद | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | मोहन प्रसाद न्यौपाने | स.प्र.जि.अ. | 9851196131 | daodhading@moha.gov.np |
| २ | जि.स.स.को कार्यालय | शिव नारायण शाह | प्रवक्ता | ९८५१३३६४४१ | info@dccdhading.gov.np , |
| ३ | जि.स.स.को कार्यालय | | सूचना अधिकारी | | dpodhading-spokesperson@nepalpolice.gov.np |
| ४ | जिल्ला प्रहरी कार्यालय | सुवास हमाल | प्र.ना.उ. | ९८५१२८३४८० | dpodhading_comm@nepalpolice.gov.np |
| ५ | सशस्त्र प्रहरी वल नेपाल | संचार शाखा | स.प्र.स.नी. | 9851272491 | apfdhading@gmail.com |
| ६ | कोष तथा लेखा नियन्त्रक कार्यालय | सुमन बा. कठायत | कोष नियन्त्रक | 9851313140 | dtcodhadig@gmail.com |
| ७ | शिक्षा विकास तथा समन्वय ईकाइ | अम्बिका आचार्य | इकाइ प्रमुख | 9851235099 | nairashya@gmail.com |
| ८ | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | विवश प्याकुरेल | इन्जिनियर | 9851320241 | pr3wssd2@gmail.com |
| ९ | स्वास्थ्य कार्यालय | तोमनाथ छत्कुलि | ज. स्वा. नि. | 9851102228 | hodhading.bagamati.gov.np |
| १० | डिभिजन वन कार्यालय | सन्त बहादुर थीङ | सुचना अधिकारी | 9869551319 | fr.santathing@gmail.com |
| ११ | कृर्षि विकास कार्यलय | जयराम अधिकारी | सुचना अधिकारी | 9767240344 | akcdhading@gmail.com |
| १२ | जिल्ला मालपोत कार्यालय | प्रमुख मालपोत अधिकृत | ना.सु. | 9851246392 | dhading@dolma.gov.np |
| १३ | सिंचाइ विकास डिभिजन कार्यालय | दिलिप कुमार विश्वोकर्मा | ई. | 9851139245 | wridddhading@bagamati.gov.np |
| १४ | मालपोत कार्यालय | विजय न्यौपाने | सुचना अधिकारी | ९८५१३१४२०१ | info@dolma.gov.np |
| १५ | गुनासो सुन्ने अधिकारी | का. प्र | गुनासो सुन्ने अधिकारी | | |
| १६ | उद्योग तथा बाणिज्य कार्यलयि | राजेन्द्र कोइराला | अधिकृत छैठौ | ९८५११७४३१५ | dhadingcsio@gmail.com |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | डा. सन्तोष अधिकारी | पशु स्वा.प्रा. | 9860706409 | vethospitaldhading@gmail.com |
| १८ | जिल्ला निर्वाचन कार्यालय | पवन राई | सुचना अधिकारी | ९८६११६९०२० | pavanchamling@gmail.com |
| १९ | जिल्ला आयुर्वेद चिकित्सालय | प्रकाश सापकोटा | वैद्य निरिक्षक | ९८५१२५५२७८ | pmosd.dahcdhading@gmail.com |
| २० | कारागार कार्यालय | राम मणी मिश्र | प्र.अ. | ९८४१७१६०२१ | |
| २१ | जिल्ला हुलाक कार्यालय | हरी बहादुर सुनार | ना सु | ९८५१३१२११४ | dpodhading123@gmail.com |
| २२ | नेपाल विद्युत प्राधिकरण | राजेश दाहाल | स.प्र.अ. | 9841544506 | |
| २३ | प्रधानमन्त्री कृर्षि आधुनीकिकरण परियोजना | नवराज भण्डारी | व.कृ.वि.अ. | 9856030364 | |
| २४ | सडक डिभिजन कार्यालय | कृष्ण आचार्य | ई. | 9841540154 | |
| २५ | कृर्षि विकास बैंक | मोहन कुमार थापा | | 9851318366 | dhading.branch@adbl.gov.np |
| २६ | राष्ट्रिय बाणिज्य बैंक | धादिङ शाखा | | 977-10-520155 | dhading@rbb.com.np |
| २७ | नेपाल बैंक लिमिटेड | | | | |
| २८ | नेपाल टेलीकम | अशोक गौतम | ब.स | ९८५१२२००९५ | |
| २९ | जिल्ला खेलकुद विकास समिति | कृष्णलाल श्रेष्ठ | का.प्र. | 9841546881 | |
| ३० | भु तथा जलाधार व्यवस्थापन कार्यलय | अविनाश कुमार ठाकुर | ई. | ९८६००८८४५० | thakurabinash77gmail.com |
| ३१ | नागढुङ्गा मुग्लिङ सडक योजना (पुर्वि खण्ड) | माधव प्र पौडेल | | ९८५१४००३७० | nnmmroadproject@gmail.com |
| ३२ | नागढुङ्गा मुग्लिङ सडक योजना (पुर्वि खण्ड) | सचेन्द्र मिश्र | | ९८५५०९२२७६ | nirttp.nmrp106@gmail.com |

मोहन प्रसाद न्यौपाने
सहायक प्रमुख जिल्ला अधिकारी

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

# जिल्ला प्रशासन कार्यालय

## धादिङ

फोन नं. : ०१०-५२०१३३, ५२०१२१
फ्याक्स : ०१०-५२०२७७
ईमेल : daodhading@moha.gov.np
वेबसाईट : daodhading.moha.gov.np



प्रसाद न्यौपाने
जिल्ला अधिकारी